# गौरीगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गौरीगञ्ज, झापा
## कोशी प्रदेश, नेपाल

प.सं. : २०८३/०८४

चलानी नम्बर:

मिति : २०८३/०४/१३

## आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोवस्त) सम्बन्धी ठेक्का आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३।०४।१३

यस गौरीगञ्ज गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को आन्तरिक आय सङ्कलनका लागि तपसिल बमोजिमको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति तथा फर्महरुबाट देहाय बमोजिमको शर्तको अधिनमा रही ठेक्का आव्हान गरिन्छ ।

१) दरभाउपत्र फाराम सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र निवेदनका साथ तोकिएको दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक व्यक्ति वा फर्मले यस कार्यालयबाट मिति २०८३/०४/१९ गतेभित्र कार्यालय समयसम्म दरभाउपत्र फाराम खरिद गर्न सक्नेछन्।

२) खरिद भएको दरभाउपत्र फाराम सिलबन्दी गरी खाम बाहिर आफ्नो वा फर्मको नाम, ठेगाना, ठेक्का नं. र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०८३/०४/२० गते दिनको **१२:०० बजे** भित्र दर्ता गरिसक्नुपर्नेछ।

३) खरिद भएको दरभाउपत्र फाराम प्रथम पटक प्रकाशित भएको मितिले २०८३/०४/२० गते दिनको २:०० **बजे** उपस्थित दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको उपस्थितिमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४) दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सोपछि कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ।

५) यस ठेक्काको मान्य अवधि मिति २०८३ भाद्र १ देखी २०८४ असार मसान्तसम्मको हुनेछ ।

६) उल्लेखित दरभाउपत्र फर्मको नाममा खरिद गरिएको भए फर्म नवीकरणको प्रमाणपत्र प्रतिलिपि, स्थानीय तहमा व्यवसाय कर दर्ता तथा नवीकरण भएको प्रमाण, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्र अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

७) धरौटी वापत आफूले कबोल गरेको ठेक्का अंकको **५ प्रतिशत** रकम यस गाउँपालिकाको कार्यालयको नाममा रहेको श्री एन.आई.सी. बैंक, गौरीगञ्ज शाखाको धरौटी खाता नं ८७२०५००२८४२६००२ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

८) रीत नपुगेको वा शर्त राखी पेश भएका दरभाउपत्रहरु मान्य हुने छैन।

खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत

# गौरीगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गौरीगञ्ज, झापा
## कोशी प्रदेश, नेपाल

प.सं. : २०८३/०८४

चलानी नम्बर :

मिति : २०८३/०४/१३

९) दरभाउपत्र दाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिबृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । सो दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएकोमा केरमेट भएको ठाँउमा सहिछाप भएको हुनुपर्नेछ ।

१०) यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

११) ठेक्का स्वीकृत भईसकेपछी ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ठ दाखिला गर्नुपर्नेछ र एकमुष्ठ दाखिला गरेको प्रमाण पेश गरे पश्चात कबोल अंकको १० प्रतिशतले हुन आउने रकम छुट दिइनेछ ।

१२) ठेक्केदारले दरभाउपत्र फारामसाथ संलग्न दररेट अनुसार मात्र कर संकलन गर्नुपर्नेछ।

१३) ठेक्का वापत नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका कर (मू.अ.कर समेत) ठेक्केदार स्वयंले बुझाउनुपर्नेछ।

१४) ठेक्का सञ्चालन ठेक्का सम्बन्धी कबुलियतनामा र पट्टा बमोजिम मात्र गर्न पाइनेछ । कानुनले निषेध गरेका कर तथा शुल्क असुल गर्न पाइने छैन् ।

१५) ठेक्का सम्बन्धीको कार्यविधि तथा गाउँपालिकाको व्यवस्थापन अनुसार ठेक्का सञ्चालन गर्नुपर्नेछ। रसिदमा अनिवार्य रूपमा यस गाउँपालिकाको कार्यालयको छाप लगाएर प्रयोग गर्नुपर्नेछ। छाप नलगाई रसिद प्रयोग गरेको पाइएमा तथा तोकिएको दर भन्दा बढी कर शुल्क असुल गरेको ठेक्केदारलाई नियमानुसार कारबाही गरिनेछ।

१६) बोलपत्रदाता र गाउँपालिकाका बीच कुनै किसिमको मतभिन्नता उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ। यस सूचनामा उल्लेख नभएका कुराहरूका हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ। अन्य थप जानकारीका लागि यस गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

## तपशील

| सूचना नम्बर | विवरण | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | फारम दस्तुर रु. |
|---|---|---|---|
| ०२/०८३/०८४ | हाटबजार कर ( यस गाउँपालिका क्षेत्र) | रु. ६,४२,०००।- | रु. १,००० |

ito.gauriganjmun@gmail.com 023 412044 www.gaurigunjmun.gov.np

खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत

# गौरीगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गौरीगञ्ज, झापा
## कोशी प्रदेश, नेपाल


प.सं. : २०८३/०८४

चलानी नम्बर :

मिति : २०८३/०४/१३

| सूचना नम्बर | विवरण | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | फारम दस्तुर रु. |
|---|---|---|---|
| ०३/०८३/०८४ | जडिबुटी, कवाडी र जीवजन्तु कर (यस गाउँपालिका क्षेत्र) | रु. ९२,०००।- | रु. १,००० |
| ०६/०८३/०८४ | काञ्जी हाउस | रु. १६,०००।- | रु. १,००० |

०८३।४।१२

खेमराज थापा

प्रमुख प्रशासकीय अधिकृत

खेमराज थापा

प्रमुख प्रशासकीय अधिकृत


ito.gauriganjmun@gmail.com 023 412044 www.gaurigunjmun.gov.np